☏ ९८५५०७२०७२

☏ ९८४९१६२७७२

स्थानीय सरकार

बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०८२।०८३

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/०४)*

*ने. सं. ११४६ चौलागा आमै, शुक्रबार*

बागमती गाउँ कार्यपालिकाको मिति २०८२।१२।२७ गतेको निर्णयानुसार तपसिलको पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा हलुका सवारी चालक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ।

**तपसिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | कार्यालय | माग पद संख्या | दरखास्त दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १. | १४/०८२/०८३ | हलुका सवारी चालक | बागमती गाउँ कार्यपालिकाको कार्यालय | १ | ७००/- | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क) शैक्षिक योग्यता

- साधारण लेखपढ भई हलुका सवारी साधनको चालक अनुमति पत्र प्राप्त गरेको,

ख) कुनै फौजदारी अभियोग नलागेको,

ग) दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको एवं महिलाको हकमा ४० वर्ष ननाघेको।

२. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकता, सवारी चालक अनुमति पत्रको प्रतिलिपि उम्मेदवार आफैंले प्रमाणित गरी दरखास्त फाराममा संलग्न गर्नु पर्नेछ।

३. दरखास्त दिने स्थानः बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झुरझुरे, मकवानपुर।

४. दरखास्त दिने अन्तिम मितिः २०८३।०१।१८ गते कार्यालय समय भित्र एवं उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र।

५. दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः तोकिएको दरखास्त दस्तुर सानिमा बैंक लि. बागमती शाखामा रहेको बागमती गाउँपालिका ग-१.१-आन्तरिक राजश्व खाता नं. ०६२०१००४००००००३ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजस्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

६. परीक्षाको किसिमः संक्षिप्त सूची तथा अन्तर्वार्ता।

७. परीक्षाको मितिः पछि प्रकाशन गरिनेछ।

८. कार्यविवरणः गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम।

९. करार अवधिः तोकिए बमोजिम हुनेछ।

१०. दरखास्त फारामः यस गाउँपालिकाको वेभसाइट www.bagmatimunmakwanpur.gov.np मा प्राप्त गर्न सकिनेछ। साथै दरखास्त फाराम भरी गाउँपालिकाको Email: bagmatimun.makwanpur@gmail.com मा बुझाउन सकिनेछ।

११. पारिश्रमिकः सेवा सुविधा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner